**नेपाली / *NEPALI***

**लागि: *UW–Madison* का सबै कर्मचारीहरू**
**बाट: कुलपतिको कार्यालय**
**विषय: क्याम्पसमा *COVID* को अपडेट: बालबच्चा हेरचाह लचिलोपना सम्बन्धी सूचना**
**मिति: डिसेम्बर ३१, २०२१**

हाम्रा सबै *UW–Madison* कर्मचारीहरू,

हिजो, डिसेम्बर ३० मा, *Madison Metropolitan School District* ले जनवरी ६ सम्म पढाइ सुचारू नगर्ने र सो मितिमा केही समयको लागि भर्चुअल कक्षाहरूमा सर्ने घोषणा गऱ्यो। हामी हाम्रो वरपरको क्षेत्रका अन्य विद्यालय जिल्लाहरूको कार्यहरू नजिकबाट निगरानी गरिरहेका छौं; यस समयमा, हामीलाई अन्य क्षेत्रका स्कूल जिल्लाहरूले यस्तै घोषणाहरू गरेको थाहा छैन।

स्कूलका अधिकारीहरूले डेन काउन्टीमा *COVID-19* केसहरू बढेको कारण *K-12* तालिकामा बनाएका बदलहरूले घरमा विद्यार्थीहरू भएका हाम्रा कर्मचारीहरूलाई प्रभाव पार्नेछ भन्ने कुरा हामीले बुझेका छौं।

कर्मचारीहरूलाई समर्थन गर्न र यी चुनौतीहरूलाई कम गर्न, सम्भव र उपयुक्त हुँदा कर्मचारीहरूलाई कार्यस्थलमा लचिलोपना प्रदान गर्न जारी राख्न विश्वविद्यालयले युनिटहरूलाई सम्झाउँदै छ।

यदि तपाईं काम र बालबच्चा हेरचाह (वा वृद्ध हेरचाह) जिम्मेवारीहरू सन्तुलनमा राख्न सहयोग खोज्ने कर्मचारी हुनुहुन्छ भने, हामी तपाईंलाई आफ्नो सुपरभाईजर, विभाग अध्यक्ष वा स्थानीय मानव संसाधनका सम्पर्कसँग कुरा गर्न प्रोत्साहन गर्दछौँ।

कार्यस्थल लचिलोपनाहरूमा सम्भव भएसम्म घरैबाट काम, वैकल्पिक काम गर्ने हप्ताहरू, बदल्न मिल्ने कामको समय, पुन: नियुक्ति *(reassignment)*, र अन्य विकल्पहरू समावेश हुन सक्दछन। प्रत्येक कर्मचारीको सरोकार कर्तव्य, कार्य वातावरण, र कार्यस्थल आवश्यकताहरूको आधारमा व्यक्तिगत रूपमा मूल्याङ्कन गरिनेछ।

पारिवारिक हेरचाह विकल्प, संसाधन र सम्पर्कहरूको बारेमा पूरा जानकारीको लागि, यो वेबसाईट हेर्नुहोला:
https://hr.wisc.edu/covid19/family-caregiving/

अर्को हिसाबमा, विश्वविद्यालयले कर्मचारीहरूको लागि धेरै बिदा विकल्पहरू पनि प्रदान गर्दछ:
https://hr.wisc.edu/covid19/leave/

*UW–Madison* ले डिसेम्बर २३ मा फाइनल जाँचाहरूको अन्त्यमा जाडो महिनाको बिदा शुरू गऱ्यो र जनवरी २५ मा वसन्त सेमेस्टर शुरू गर्नेछ। सामान्य व्यवासायको लागि क्याम्पस खुला छ र यस समयमा क्याम्पस सञ्चालनहरूमा कुनै बदल आएका छैनन्।

नयाँ जानकारी र जनस्वास्थ्य निर्देशनहरू आउना साथ *UW* का अगुवाहरूले योजना र नीतिहरूको नियमित रूपमा मूल्याङ्कन गर्न जारी राखेका छन्। हामी सेमेस्टर शुरू हुने अघि क्याम्पस परीक्षण योजना र प्रोटोकलहरूको बारेमा थप जानकारी उपलब्ध हुने बित्तिकै प्रदान गर्नेछौं।

अन्त्यमा, *COVID-19* भाइरसको अझै सङ्क्रामक संस्करणहरू हाम्रो समुदायमा चिन्ताको विषय बनेको क्रममा हामी तपाईंलाई नयाँ परामर्शाहरू बारे सचेत रहन आग्रह गर्दछौं: चिसो लाग्ने वा फ्लू जस्तो लक्षणहरू देखा परेमा काममा नआउनुहोस् र र *UHS* मार्फत वा समुदायमा परीक्षण गर्नुहोस्; योग्य हुनुहुन्छ भने आफ्नो बूस्टर खोप लगाउनुहोस्; राम्रोसँग अट्ने मास्क लगाउनुहोस्; यो नयाँ वर्ष सकेसम्म सुरक्षित रूपमा मनाउने र पोजिटिभ देखिनेहरूका लागि हालसालैको मार्गदर्शनहरूको बारेमा सचेत रहनुहोस्।

हालसालैका अपडेटहरूको लागि, कृपया यो वेबसाईट हेर्दै गर्नुहोला: https://covidresponse.wisc.edu/

हामी तपाईंलाई नयाँ वर्षको शुभकामना दिंदै *UW–Madison* मा तपाईंको सेवाको लागि धन्यवाद भन्न चाहन्छौँ।

कुलपतिको कार्यालय